# बर्दिबास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## महोत्तरी

## आ.ब. २०८०/०८१मा यस नगरपालिकाबाट जडिबुटी, कवाडी, जिवजन्तुको व्यवसायिक उपयोग कर संकलनका लागी विद्युतीय बोलपत्र (E-bidding)आव्हान

**प्रथम पटक प्रकाशित मितिः२०८०।०३।२४)**

नेपालको संविधानको अनुसूची ८ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६१ एवं बर्दिबास नगरपालिका महोत्तरीको मिति २०८०।०३।१८ गतेको निर्णयअनुसार आ.ब. २०८०/०८१ मा तपशिलमा उल्लेखित बर्दिबास नगरपालिका क्षेत्रभित्रका जडीबुटी, कवाडी, जिवजन्तुका वस्तुहरुमा आर्थिक ऐनमा तोकिए बमोजिम दरमा २०८१ साल आषाढ मसान्त सम्म व्यवसायीक उपयोग कर संकलन गर्नका लागी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति,फर्म वा कम्पनीहरुबाट विद्युतीय बोलपत्र(E-bidding)आव्हान गरिएको छ ।

देहाय

| क.सं. | बोलपत्र नं. | ठेक्का । बोलपत्रको नाम | ठेक्का अवधि | वार्षिक न्यूनतम कबोल अंक रकम रु. ( मु.अ.कर बाहेक) | धरौटी रकम रु.(कबोल अंकको) | बोलपत्र फाराम दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १ | 14/NCB/ BM/IR/ /079/080 | नगरपालिकाबाट जडिबुटी, कवाडी,जिवजन्तुको व्यवसायिक उपयोग कर संकलन | २०८१ आषाढ मसान्त सम्म | २५,००,०००।- ( अक्षरेपी पच्चीस लाख मात्र ) | ५ प्रतिशत | ५,०००।- |

नोट :ठेक्का सम्बन्धी पालना गर्नु पर्ने शर्तहरु यस कार्यालयको वेभसाईटwww.bardibas mun.gov.np मा राखिएको छ ।

विश्वकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

बर्दिबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

## आ.ब. २०८०/०८१मा यस नगरपालिकाबाट जडिबुटी, कवाडी, जिवजन्तुको व्यवसायिक उपयोग कर संकलनका लागी विद्युतीय बोलपत्र (E-biddingसम्बन्धि शर्त तथा बन्देजहरु

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृदि कर दर्ता प्रमाणपत्र, आ.व.२०७८।०७९को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फारम दस्तुर कृषि विकास बैंक लि.शाखा कार्यालय बर्दिबासमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. १००६३०११४९१२८१०५ मा नगद जम्मा गरेको बैंक भौचरको Scan Copy र धरौटी वापतको रकम कृ.वि.बैंक लि.बर्दिबास शाखामा रहेको धरौटी खाता नं. १००६३०११४९१२८०६७मा जम्मा गरेको बैंक भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको १२० दिनसम्म म्याद रहेको बैंक जमानत पत्र(Unconditional Bid Bond) साथ E-bidding द्वारा यो सूचना दोश्रो पटक प्रकाशीत भएको मितिले ३० औं दिन भित्र विद्युतीय माध्यमबाट बोलपत्र खरीद तथा दर्ता गर्न सकिने छ ।बोलपत्र सम्वन्धि कागजातहरु सार्वजनिक खरीद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट पनि डाउनलोड तथा अपलोड गर्न सकिनेछ ।

२. तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको कृ.वि.बैंक बर्दिबासमा रहेको आन्तरिक राजश्व खाता नं. १००६३०११४९१२८१०५ मा जम्मा गरेको बैंक भौचर संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक बिदा पर्न गएमा सो को भोलि पल्ट वा कार्यालय खुल्ने दिनसम्म बोलपत्र खरीद तथा पेश गर्न सकिनेछ ।

३. बोलपत्र सम्वन्धि फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पस्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

४. कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको कृ.वि.बैंक लि. बर्दिबास शाखामा रहेको धरौटी खाता नं. १००६३०११४९१२८०६७ मा जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड पेश गर्नु पर्नेछ ।

५. बोलपत्रदाताले खरीद गरिएको बोलपत्र फारमहरुमा उल्लेख भएका सबै विवरणहरु भरी प्रत्येक पानामा सही छाप गरी फर्मको नाम,ठेगाना, कामको विवरण,बोलपत्र विवरण प्रोपराइटरको नाम,ठेगाना, फोन नं. मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई सबै कागजातको स्क्यान गरी दोश्रो पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२ बजे भित्र विद्युतीय प्रति दर्ता गर्नु पर्नेछ ।

६. एक व्यक्ति,फर्म वा संस्थाको नाममा खरीद गरिएको बोलपत्र अर्को व्यक्ति,फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।

७. रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धि कागजातहरु पेश गर्ने अन्तिम दिनको २ बजे यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

बर्दिबास नगरपालिका नगर कार्यपालिकाको कार्यालय बर्दिबास, महोत्तरी

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

८. प्रि- बिड बैठक सूचना प्रकाशन भएको मितिले १६औं दिनको १२ बजे यस कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी लिन सक्नुहुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सो को भोलिपल्ट सोही समयमा हुनेछ ।

९. बोलपत्र सम्बन्धि विस्तृत जानकारी बोलपत्र सम्बन्धि फारममा उल्लेखित गरिने हुँदा सोही पुस्तिकाबाट अवगत गर्नसकिनेछ ।

१०. म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार हुने छैन ।

११. बोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्बन्धि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ

१२. बोलपत्र स्वीकृत भएको सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र बार्षिक कबोल अंकको ५ प्रतिशत हुन धरौटी रकम माथि उल्लेखित धरौटी खातामा दाखिला गरिएको रकम को सक्कल बैंक भौचर सम्झौताको बखत यस कार्यालयमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ साथै उक्त रकम ठेक्का म्याद समाप्त भएको अर्को आ.ब.मा मा कर कर चुक्ताको प्रमाण पेश पश्चात फुकुवा हुनेछ ।

१३. बोलपत्र स्वीकृत भएको सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र बार्षिक कबोल अंकको ५० प्रतिशत रकम यस कार्यालयको तोकिएको खातामा अग्रिम जम्मा गरेको सक्कल बैंक भौचर र सों रकममा लाग्ने १३ प्रतिशत मू.अ.कर सम्बन्धित आन्तरिक राजश्व कार्यालय मा दाखिला गरेको प्रमाण पेश गर्नु पर्नेछ । बाँ की ५० प्रतिशत रकम र सो रकममा लाग्ने १३ प्रतिशत मू.अ.कर संमेतको २०८१साल श्रावण मसान्तसम्म म्याद र भएका कार्य सम्पादन जमानत (परफरमेन्स बन्ड) समेत पेश गर्नुपर्नेछ । साथै बाँ की रकम २०८० साल चैत्र मसान्त भित्र कार्यालयको तोकिएको खातामा दाखिला गरि सक्नु पर्नेछ र तोकिएको समयमा रकम दाखिला नगरेमा कार्य सम्पादन जमानत (परफरमेन्स बन्ड) बाट २०८१ साल बैशाख महिनाको पहिलो हप्तामा असुल उपर गरिनेछ । यसमा बोलपत्रदाताको कुनै उजुर बाजुर तथा हर्जाना दाबी गर्न पाउने छैन ।

१४. बोलपत्र कबुल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक,सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत मू.अ.कर, आयकर तथा अन्य कर रकम सम्बन्धित कार्यालयमा छुट्टा छुट्टै रुपमा दाखिला गरेको प्रमाण सम्झौताको बखत कार्यालयमा बुझाउनु पर्नेछ ।

१५. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र वन्दोवस्त गरीनेछ ।

१६. जडिबुटी, कवाडी, जिवजन्तुको व्यवसायिक उपयोग कर संकलन गर्ने सम्बन्धमा स्थानीय सरकार सन्चालन ऐन२०७४,आर्थिक ऐन २०८० ,संघीय तथा प्रदेश कानून र नगरपालिकाबाट जारी भएका कानुन,तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ ।

१७. प्रचलित कानून बमोजिम बनेका अन्य कार्यविधि,मापदण्ड,सार्वजनिक खरीद ऐन २०६३, सार्वजनिक खरीद नियमावली २०६४(बाह्रौसंशोधन सहित २०७९) तथा नेपाल सरकारका अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

१८. ठेक्का सूचनाको विस्तृत विवरण यस कार्यालयका वेभसाईट www.bardibasmun.gov.npमा अपलोड गरिएको तथा सूचना पाटीमा समेतटाँस गरिएको छ । विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

विश्वकिसोर ढकाल
प्रमुख प्रशासकीय अधिकृत